श्री

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. ३०६

पुनरावेदन नं. ०७५-RB-००८१

पुनरावेदन दर्ता मितिः-२०७५।०६।०२

मुद्दाः– आयकर (आ.व. २०६२/०६३) ।

जिल्ला ललितपुर उपमहानगर पालिका वडा नं. ३ (हाल ललितपुर महानगरपालिका) स्थित एलिडा नेपाल प्रा.लि. (स्थायी लेखा नं. ३०१२१११७८) को तर्फबाट ऐ. का अधिकार प्राप्त सञ्चालक प्रेम सिंह ठकुरी.......................................................१ } पुनरावेदक

**विरूद्ध**

आन्तरिक राजस्व कार्यालय, ललितपुर....................................................... १ } प्रत्यर्थी

**शुरू निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरू निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, ललितपुर

शुरू निर्णय गर्ने अधिकारीः-प्रमुख कर अधिकृत श्री चुडामणि देवकोटा

शुरू कर्यालयको निर्णय मितिः–२०६५।०५।२६

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री कपिलदेव घिमिरे
निर्णय मितिः २०६५।१०।०८

<u>उपस्थित कानून व्यवसायीहरू</u>

पुनरावेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री चण्डेश्वर श्रेष्ठ र
श्री तुलसी भट्ट तथा विद्वान् अधिबक्ता श्री रमण कुमार कर्ण

प्रत्यर्थी कार्यालयहरूका तर्फबाट : विद्वान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारी

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।१०।०८ भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन,२०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. पुनरावेदक करदाता एलिडा नेपाल प्रा.लि. ले आ.व. २०६२/०६३ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ९,४४,३१४।- देखाई आन्तरिक राजस्व कार्यालय, ललितपुरमा मिति २०६६।०३।२७ मा विवरण पेश गरेको ।

२. आ.व. २०६२/०६३ को लागि राजस्व अनुसन्धान विभागको च.नं. ३१३८ मिति २०६५।१।१५ को पत्रानुसार न्यून मूल्यमा विक्री गरी विक्री लुकाएकोले थप विक्री रकमका प्रचलित आयकर ऐन, २०५८ बमोजिम संशोधित कर निर्धारण गरी असुल उपर गर्नुहुन भनी लेखीआए बमोजिम प्रस्तुत करदाताको आ.व. २०६१/०६२ को लागि आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि संशोधित कर योग्य आय कायम गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०६५।०४।२८ मा सूचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०६५।०४।२८ मा जारी भएको सूचना करदाताले मिति २०६५।०४।२९ मा बुझी लिई तोकिएको म्यादभित्रै सो सूचनाको जवाफ पेश गरेको ।

४.	करदाताको आ.व. २०६२/०६३ का लागि देहाय बमोजिम रू. ४६,२७०,७२४।- करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम करदातालाई सूचना दिने भनी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०६५।०५।२६ मा खडा भएको निर्णय पर्चा ।

५.	आन्तरिक राजस्व कार्यालय, ललितपुरले मिति २०६५।०५।२६ मा जारी गरेको आ.व. २०६२/०६३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी एलिडा नेपाल प्रा.लि. ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०६५।०८।३० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६.	करदाताको जिकिर कार्यालयको प्रतिक्रिया तथा फायलसाथ संलग्न कागजात अध्ययन गर्दा, करदाताले भन्सार विन्दुमा घोषित मूल्यभन्दा घटी मूल्यमा विक्री गरेकोमा घटी मूल्यमा विक्री गरेजति रकम थप विक्री मानी आयमा समावेश गरी कार्यालयले गरेको निर्णय आयकर ऐन, २०५८ बमोजिम मिलेकै देखिंदा करदाताको जिकिर पुग्न नसक्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।१०।८ मा भएको निर्णय ।

७.	कम्पनीले आफूले खरिद आयात गरेको सामानमा आफ्नो लगानी कारोवारसंग सम्बन्धित खर्च समेत जोडी मुनाफा राखी बिक्री गरेको सामानलाई भन्सार विन्दुमा घोषणा गरेको मूल्यभन्दा न्युन मूल्यमा विक्री गरेको भन्ने मूल्य अभिबृद्धि कर निर्धारण आदेशको आधारमा करदाताले गरेको वास्तविक एवं रितपूर्वकको बिक्री र सो को आधारमा कायम भएको करयोग्य आयमा कैफियत उठन नसक्ने हुदा मिति २०६५।०५।२६ को संशोधित कर निर्धारण आदेश एवं सो सँग सम्बन्धित निर्णय प्रतिवेदन कानून विपरित भएको र राजस्व अनुसन्धान विभागको मिति च.नं. ३१३८, मिति २०६५।०१।१५ को पत्रका साथै मिति २०६५।०५।२६ मा भएको संशोधित कर निर्धारण आदेशलाई सदर गर्ने गरी मिति २०६५।१०।०८ मा भएको आन्तरिक राजस्व विभागको निर्णय समेत कानून विपरित हुँदा बदर गरी नलाग्ने कर, शुल्क, व्याज र विशेष शुल्क समेतको दायित्वबाट मुक्त गरी न्याय इन्साफ पाउँ भन्ने वेहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०६६।०१।०६ मा दर्ता भएको पुनरावेदन-पत्र।

८.	यसमा भन्सार विन्दुमा घोषणा गरेको मूल्य र सोही बस्तुको विक्री मूल्यलाई तुलना गरी फरक रकमलाई घटी विक्री भनी आयतर्फ समावेश गर्ने गरी भएको सुरू कार्यालयको निर्णय फरक पर्न सक्ने अवस्था हुँदा अ.वं. २०२ नं. बमोजिम छलफलको लागि सरकारी वकिल, आन्तरिक राजस्व विभागलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०६६।०८।१२ मा भएको आदेश।

९. यसमा पुनरावेदक/निवेदक एलिडा नेपाल प्रा. लि. का संचालक प्रेम सिंह ठकुरी विपक्षी/प्रत्यर्थी राजस्व अनुसन्धान विभाग,ललितपुर भएको सम्बत २०६७ सालको LE-0080 को मूल्य अभिबृद्धि कर मुद्दामा यस न्यायाधिकरणको मिति २०६७।७।१६ को फैसला उपर परेको निवेदनमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६८।०६।०६ मा पुनरावेदन गर्न अनुमती प्रदान गरेको देखियो ।सो मुद्दाको निर्णयबाट प्रस्तुत मुद्दामा असर पर्न जाने देखिँदा सो मुद्दाको निर्णय भएपछि जगाउने गरी हाल प्रस्तुत मुद्दा अ. वं. १२ नं. बमोजिम मुल्तवीमा राखिदिएको छ भन्ने यस न्यायाधिकरणबाट मिति २०६८।७।२८ मा भएको आदेश।

१०. यस न्यायाधिकरण समक्ष दर्ता भै विचाराधिन रहेको प्रस्तुत मुद्दा यिनै पुनरावेदक वि. प्रत्यर्थी राजस्व अनुसन्धान विभाग,ललितपुर भएको मुद्दामा यस न्यायाधिकरको मिति २०६७।०७।१६ को फैसला उपर सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन दायर भै उक्त अदालतबाट अनुमती प्रदान भै रहेको परिप्रेक्ष्यमा सो मुद्दाको निर्णयबाट प्रस्तुत मुद्दामा असर पर्न जाने कारण जनाई सम्मानित सर्वोच्च अदालतबाट सो मुद्दाको निर्णय भए पश्चात जगाउने गरी प्रस्तुत मुद्दा मुल्तवीमा राख्ने गरी यस न्यायाधिकरणबाट मिति २०६८।०७।२८ मा आदेश भएकोमा उक्त मुद्दा फैसला भएको कारण देखाई फैसलाको प्रतिलिपी सहित निवेदकको निवेदन पर्न आएको हुँदा प्रस्तुत मुद्दाहरू मुल्तवीबाट जगाई दिएको छ।साथै, सम्मानित सर्वोच्च अदालतबाट उक्त मुद्दामा पुनः निर्णय गर्नु भनी फैसला भएको देखिँदा सो प्राप्त मिसिल समेत लगाउका रूपमा राखी नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७५।०६।०२ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

११. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एलिडा नेपाल प्रा .लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री तुलसी भट्ट तथा विद्वान अधिबक्ता श्री रमणकुमार कर्णले राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुरबाट भएको गैर कानूनी एवं अधिकारक्षेत्र विहिन निर्णयलाई आधार मानी गरिएको आ.व. २०६२/०६३ को आयकर तर्फको संशोधित कर निर्धारण आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागले

गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस एवं जिकिर समेत सुनियो।

१२. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरू, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरू र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१३. निर्णय तर्फ विचार गर्दा, सर्व प्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नु पर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को (१) मा "**प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन**" भन्ने कानूनी व्यवस्था गर्दै "**खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा**" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रमा विवादित रकम रू. २,१९,११,६२६।०९ रहेको, सोको प्रशासकीय पुनरावलोकनमा निवेदन पेश गर्दा रू. ७२,४२,९४५।-दाखिला गरेको र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा रू. ३७,१२,९००।- धरौटी वापत जम्मा गरिएको छ भनी व्यहोरा लेखी भौचरको प्रति समेत संलग्न गरेको देखियो।यस न्यायाधिकरणबाट मिति २०७६।११।०५ मा रू.४६,९९,७८८।— धरौट रकम अपुग भएकोले ७ दिनभित्र जम्मा गर्न लगाई पेश गर्नु भनी भएको आदेश बमोजिम करदाताले मिति २०७६।११।११ मा रू. ४७,००,८००।— जम्मा गरी भौचरको प्रतिलिपी पेश गरेको देखियो।यसबाट प्रस्तुत मुद्दामा विवादित रकमको पचास प्रतिशतभन्दा बढी रकम करदाताले जम्मा गरेको स्पष्ट देखिन्छ।यसरी रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

१४. अव संशोधित कर निर्धारण आदेश मिले नमिले को के रहेछ भनी हेर्दा आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) मा "**दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्नेछ**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।यी पुनरावेदक करदाताको आ.व.२०६२/०६३ को आयकर तर्फको संशोधित कर निर्धारण गर्नुको आधार र कारण हेर्दा मुलतः करदाताले भन्सार विन्दुमा घोषणा गरेको मूल्यभन्दा न्युन मुल्यमा विक्री गरी वास्तविक विक्री लुकाएको कसुरमा आ.व.२०६१/०६२ देखि २०६३/०६४सम्मको अवधिमारू १४,१८,२०,५७६।४२ थप विक्रि कायम गरी मूल्य अभिबृद्धि करतर्फ कर, जरिवाना, थप दस्तुर र व्याज समेत गरी रू. ४,२०,६१,५३१।- कर निर्धारण गरिएको मिति २०६५।०१।०३ को अन्तिम कर निर्धारण आदेश थान एक यसै साथ संलग्न छ। उक्त कर निर्धारण आदेशमा उल्लिखित विवरण करदाताको कम्प्युटर ATR मा इन्ट्री गरी दिनु हुनका साथै उपर्युक्त बमोजिम आ. व. २०६१/०६२ को थप विक्री रकम रू. ४१,६७,३९७।०७१ र आ. व. २०६२/०६३ को थप विक्रि रहेको रू.४,४९,३५,८३८।६० र आ. व. २०६३/०६४ को थप विक्री रकम रू. ९,२७,१७,३४०।११ मा प्रचलित आयकर ऐन, २०५८ बमोजिम असुल हुनुपर्ने आयकर संशोधित कर निर्धारण गरी असुल उपर गर्नु हुन भन्ने समेत वेहोराको राजस्व अनुसन्धान विभागको मिति २०६५।०१।१५ च. नं. ३१३८ को पत्रलाई आधार बनाई आन्तरिक राजस्व कार्यालय ललितपुरले संशोधित कर निर्धारण गरेको देखिन्छ।

१५. यसै लगाउको पुनरावेदन नं ९७-०७४-RB-०२१७ को पुनरावेदक एलिडा नेपाल प्रा लि प्रत्यथी आन्तरिक राजस्व विभाग ललितपुर भएको मूल्य अभिबृद्धि कर मुद्दामा यसै इजलासबाट अधिकारक्षेत्र विहिन अधिकृतद्धारा मिति २०६५।०१।०३ मा गरेको कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।०३।२९ मा भएको निर्णयसमेत कानूनी रूपमा सुन्य भई कायम रहन नसक्ने ठहरी फैसला भइसकेको हुनाले राजस्व अनुसन्धान विभागका निर्देशकबाट मिति २०६५।०१।०३ मा भएको जुन निर्णयलाई आधार मानी यी करदाताको आ.व. २०६१/०६२ को संशोधित कर निर्धारण भएको हो उक्त निर्णय नै कानूनी रूपमा सुन्य ठहरी बदर हुने निर्णय भै सकेको हुँदा त्यस्तो बदर भएको निर्णयको आधारमा भएको संशोधित कर निर्धारण आदेश समेत कायम रहन सक्ने नदेखिँदा बदर हुने दखियो।

१६. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट स्थायी लेखा नं. ३०१२११७८ भएका पुनरावेदक करदाता एलिडा नेपाल प्रा.लि.को यसै लगाउको

०७४ - **RB** - ०२१७ को मूल्य अभिवृद्धि कर मुद्दामा पुनरावेदक करदाताको राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीले गरेको मिति २०६५।०१।०३ को निर्णय समेत अधिकार क्षेत्रको अभावमा आज यसै इजलासबाट बदर हुने ठहरी फैसला भएकोले सोही निर्णय बमोजिम आन्तरिक राजस्व कार्यालय, ललितपुरलाई राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।१५ च.नं. ३१३८ को पत्रानुसार संशोधित कर निर्धारण गर्न पठाइ मिति २०६५।०५।२६ मा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट आ.व. २०६२/०६३ को आयकर तर्फ गरेको संशोधित कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।१०।०८ मा भएको निर्णय समेत कायम रहन सक्ने नदेखिंदा बदर हुने ठहर्छ । अरूमा तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम आ. व. २०६२/०६३ को संशोधित कर निर्धारण आदेश बदर हुने ठहरेकोले उक्त आदेशले यी करदातालाई थप गरेको कर रकम अव तिर्नु बुझाउनु नपर्ने हुँदा करदाताको अभिलेखमा सोही बमोजिमको कर दायित्व अद्यावधिक गरी यस वापत करदाताले बुझाएको वा धरौटी वापत राखेको रकम समेत कानून बमोजिम हिसाव गरी करदातालाई कानून बमोजिम फिर्ता दिनु भनी आन्तरिक राजस्व कार्यालय ललितपुरलाई लेखि पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

## <u>लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय</u>

१) यसमा आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत चूडामणि देवकोटाबाट भएको मिति २०६५।०५।२६ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०६५।०८।३० दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक कपिलदेव घिमिरेबाट मिति २०६५।१०।०८ भएको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.२,१६,६१,३८२।८९ को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.१,०८,३०,६९१।४४ भन्दा रु.७१,१७,७९१।४४ न्यून भएको अवस्थामा पनि धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७५।०६।०२ मा पुनरावेदन दर्ता भएको पाइयो ।

२) आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिएबमोजिम प्रशासकीय पुनरावलोकनको लागि मिति २०६५।०८।३० मा निवेदन दिँदा विवादरहित कर रु.२,५०,२४३।२१ र विवादित कर रु.२,१६,६१,३८२।८९ को ३३ प्रतिशतले हुने रु.७१,४८,२५६।३५ समेत रु.७३,९८,४९९।५६ दाखिला गर्नु पर्नेमा अग्रिम दाखिला गरेको रु.२५,००,०००।- तथा धरौटी खाता नं सअ०८७ख३ मिति २०६५।०८।३० मा दाखिला भएको अप्रमाणित फोटोकपी भौचरबाट देखिएको रु.७२,४२,९४५/- समेत रु.९७,४२,९४५।- दाखिला गरेको देखिएको छ। ऐ. ऐनको दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०६५।०८।३० पश्चात राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न विवादित करको पचास प्रतिशतले हुने रु.१,०८,३०,६९१।४४ धरौटी राख्नु पर्नेमा अप्रमाणित फोटोकपी भौचरहरु सम्लग्न रहेको धरौटी खाता नं सअ०८७ख३ मिति २०६६।०१।०२ मा दाखिला भएको रु.३७,१२,९००/- र भौचर नं. ०९३२६६७४ मिति २०७६।११।११ मा राजस्व शिर्षक नं. १११२३ मा दाखिला भएको रु.४७,००,८००।- समेतलाई धरौटी भनेको रकमका रुपमा गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा अनिवार्य रुपमा दाखिला गर्नु पर्ने धरौटी रु.२४,१६,९९१।४४ नपुग भएको देखिएको छ।

प्रस्तुत मुद्दाको सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन

भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ । प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन । राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा प्रणाली (System) ले स्वतः मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने भएको र राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको अवस्थामा राजस्व खातामा दाखिला भएको फोटोकपी भौचर पेश गरेको अप्रमाणित रकमलाई धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन । अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएको उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त सहितको संक्षिप्त तथ्य र मुद्दाको ठहर यस प्रकार रहेको छः-

३) आयकर ऐन¸२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली¸२०६४को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

४) राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था

संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५ ,२०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ"  भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

५) यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००,१०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ

दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

६) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

७) प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फबाट उपस्थित हुनुभएका वरिष्ठ विद्वान अधिवक्ताद्वय श्री चण्डेश्वर श्रेष्ठ र श्री तुलसी भट्ट तथा विद्वान अधिवक्ता श्री रमणकुमार कर्णबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने जिकिर र कानूनी क्षेत्राधिकार रहेको पुष्टि गर्ने प्रमाण पेश गर्न नसकेको अवस्थामा मिति २०६५।०१।०३ मा स्वीकृत भएको निर्णय पर्चा अनुसारको निर्णयका आधारमा आन्तरिक राजस्व कार्यालय ललितपुरलाई राजस्व अनुसन्धान विभागबाट मिति २०६५।०१।१५ च.नं. ३१३८ को पत्रानुसार संशोधित कर निर्धारण गर्न पठाइ मिति २०६५।०५।२६ मा आन्तरिक राजस्व कार्यालय ललितपुरबाट आर्थिक वर्ष २०६२/०६३ को आयकर तर्फ गरेको कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति

२०६५।१०।०८ मा भएको निर्णय कानून सम्मत नरहेकोले कायम रहन नसक्ने भनि गरेको बहस र प्रत्यर्थी तर्फका विद्वान उपन्यायाधिवक्ता श्री दिपक भण्डारीबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन।सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

८) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्ट रुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन कर रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन पत्र दर्ता गर्न धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहाय बमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन" भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (विवादित) कर रु.२,१६,६१,३८२।८९ को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.१,०८,३०,६९१।४४ दाखिला गर्नु पर्नेमा रु.३७,१२,९००/- मात्र धरौटी दाखिला भएको मिसिल संलग्न अप्रमाणित फोटोकपी भौचरबाट देखिएको छ। उक्त रकमको गणना गर्दा पनि रु.७१,१७,७९१।४४ नपुग देखिएकोले पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिन भित्र पुनरावेदकलाई दाखिल गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राखदा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम हुने रु.१,०८,३०,६९१।४४ धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दामा गरिएको फैसलाको राय ठहरमा सहमत हुन सकिएन।

९) अतः राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं.०७२-RB-०४७० आयकर (०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने धरौटी नराखी दर्ता भएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने औचित्य नै नभएको माननीय अध्यक्ष र राजस्व सदस्यबाट ***"यसमा यसै लगाउको ०७४-RB-०२१७ को मूल्य अभिबृद्धिकर मुद्दामा पुनरावेदक कर दाताको राजस्व अनुसन्धान विभागका निर्देशक (प्रमुख कर अधिकृत) श्री भरतराज सुवेदीले गरेको मिति २०६५।१।३ को निर्णय समेत अधिकार क्षेत्रको अभावमा आज यसै इजलासबाट बदर हुने ठहरी फैसला भएकोले सोही निर्णय बमोजिम आन्तरिक राजस्व कार्यालय ललितपुरलाई राजस्व अनुसन्धान विभागबाट मिति २०६५।१।१५ च.नं. ३१३८ को पत्रानुसार संशोधित कर निर्धारण गर्न पठाइ मिति २०६५।५।२६ मा आन्तरिक राजस्व कार्यालय ललितपुरबाट आर्थिक वर्ष २०६२।०६३ को आयकर तर्फ गरेको संशोधित कर निर्धारण आदेश र सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।१०।०८ मा भएको निर्णय समेत कायम रहन सक्ने नदेखिँदा बदर हुने ठहर्छ"*** भनि उल्टी हुने गरी भएको बहुमत सदस्यबाटै सो आर्थिक वर्ष समेतको लगाउको ०७५-RB-००७९ अग्रिमकर तर्फको मुद्दामा ***"यसमा आर्थिक वर्ष २०६१।०६२, २०६२।०६३ र २०६३।०६४ को अग्रिम कर माग गर्ने गरी आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृतले मिति २०६५।५।२६ मा गरेको निर्णय र उक्त निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०६५।१०।०८ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ"*** भनि सोही मिति २०६५।०१।१५ च.नं. ३१३८ को पत्रानुसार सोही मिति २०६५।०५।२६ मा कर निर्धारण भई एकै मितिमा पुनरावेदन दर्ता भएको सो मुद्दामा सोही इजलासबाट एउटै आधार र कारण उल्लेख गरी फैसला भएको अवस्थमा एक आपसमा निर्णय फरक हुने गरी फैसला समेत भएको कारण प्रस्तुत मुद्दाको शुरु निर्णय र सोको आधारमा भएका निर्णय वदर हुने गरी भएको फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचनापत्रमा उल्लेख गरिए अनुसारको निर्धारित (विवादित) कर रु.२,१६,६१,३८२।८९ को पचास प्रतिशतले हुने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिमको रु.१,०८,३०,६९१।४४ पुनरावेदन धरौटी नराखी रु.३७,१२,९००/- मात्र (अप्रमाणित फोटोकपी भौचरबाट देखिएको) दाखिला गरी रु.७१,१७,७९१।४४ धरौटी नपुग भएको अवस्थामा पुनरावेदन दर्ता भएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको

पुनरावेदन जिकिर पुग्न सक्दैन । नियमानुसार गर्नू।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुने:-</u>
इजलास अधिकृतः-सरिता रिजाल
कम्प्यूटर टाइपः- प्रदिप तिवारी
फैसला मितिः- २०७९।०३।१३।२
प्रमाणीकरण गर्ने लेखा सदस्य
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप